का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ३४
- २१ फागुन २०७६, बुधबार
- 4 March 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# खतिवडा नै अर्थमन्त्री

**अर्थमन्त्री रहेका युवराज खतिवडा सहित राष्ट्रियसभाका १९ जनाको पदावधि मंगलबार सकिएको छ । तर, अर्थमन्त्रीमा भने खतिवडाले नै निरन्तरता पाउने भएका छन् । प्रधानमन्त्रीकै रोजाइमा खतिवडाले अर्थमन्त्रीमा निरन्तरता पाउन लागेका हुन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

सञ्चार तथा अर्थमन्त्री डा. युवराज खतिवडाले राजीनामा दिएका छन् । खतिवडाको राजीनामापत्र राष्ट्रपति कार्यालय शितल निवासले स्वीकृत गरेको छ। खतिवडाको राजीनामा बुझाउन मुख्यसचिव लोकदर्शन रेग्मी मंगलबार दिउँसो शितलनिवास पुगेका थिए ।

राजीनामा दिएका खतिवडा प्रधानमन्त्री ओली भेट्न त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज पुगेका थिए। दुई वर्ष अगाडि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले खतिवडालाई माथिल्लो सदनमा मनोनित गरेकी थिइन् । खतिवडाको कार्यकाल मंगलबार सकिएको छ ।

मंगलबार राजीनामा दिएका खतिवडाको राजीनामा स्वीकृत भएसँगै सूचना, प्रविधि तथा सञ्चार मन्त्रालय र शहरी विकास मन्त्रालयको जिम्मेवारी राष्ट्रपति कार्यालयले प्रधानमन्त्रीलाई दिएको छ। तर, खतिवडाको राजीनामासँगै रिक्त मन्त्रालयमा फेरि खतिवडा नै दोहोरिने भएका छन् ।



मंगलबार अर्थमन्त्रीबाट राजिनामा दिएपछि संसदभवन बाहिर युवराज खतिवडा ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अडानमा खतिवडा नै अर्थमन्त्रीमा दोहोरिन लागेका हुन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले भने खतिवडाको स्थानमा उपाध्यक्ष वामदेव गौतमलाई मनोनित गर्ने निर्णय गरेको थियो । तर, प्रधानमन्त्री ओलीले भने गौतमलाई नभई खतिवडालाई नै निरन्तरता दिने अडान लिएका थिए । नेकपाभित्रको शक्ति समीकरणमा आफूलाई अल्पमतमा पार्दै खतिवडाको ठाउँमा गौतम पठाउने निर्णय गरिएको भन्दै प्रधानमन्त्री ओलीले आपत्ति जनाएका थिए ।

यसपछि नेकपाका शीर्ष नेताहरुको लगातारको छलफलले खतिवडालाई निरन्तरता दिने विषयमा सहमति जुटाएको हो । नेकपा स्रोतका अनुसार, खतिवडा अर्थमन्त्रीमा दोहोरिने छ भने तत्काललाई उनी सांसद भने रहने छैनन् । संविधानले सांसद नभए पनि मन्त्री हुन मिल्ने प्रावधान राखेको छ । तर, यसरी मन्त्रीको शपथ लिएको ६ महिनाभित्र सांसद भइसक्नुपर्नेछ ।

# प्रत्यारोपण आज



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

प्रधानमन्त्री केपी शर्मा ओली मिर्गौलाको पुनःप्रत्यारोपण आज हुँदैछ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल प्रधानमन्त्री ओलीको प्रत्यारोपण बिहान ९ बजे हुनेछ । सोमबार अस्पताल भर्ना भएका प्रधानमन्त्री ओलीलाई प्रत्यारोपणका लागि आवश्यक औषधि मंगलबार साँझबाट दिन शुरु गरिएको छ ।

अस्पतालका अनुसार, सम्पूर्ण परीक्षण समेत पूरा भएको छ । नियमित डायलासिस र ल्याब परीक्षण समेत सफल भएको छ ।

प्रधानमन्त्री ओलीको स्वास्थ्य राम्रो रहेको र निरन्तर चिकित्सकहरुको निगरानीमा रहेको पनि अस्पतालले भनाएको छ । अष्ट्रेलियाका शल्य चिकित्सक डा.डेभिड फान्सिसको नेतृत्वमा ओलीका निजी चिकित्सक दिव्या शाह, डा.भोलाराज जोशी, डा. अनन्त लगायतको टोली सामेल छन् । प्रधानमन्त्री ओलीलाई भाञ्जी नाता पर्ने समिक्षा संग्रौलाले मिर्गौला दिने भएकी छन् ।

प्रत्यारोपणका लागि प्रधानमन्त्री ओली अस्पताल भर्ना भएका हुन् । ९० वर्षीय पिताबाट आशीर्वाद लिएर प्रधानमन्त्री ओली अस्पताल भर्ना भएका हुन् । प्रधानमन्त्री ओलीले २०६४ साउनमा पहिलो पटक भारतको एपोलो अस्पतालमा मिर्गौलो प्रत्यारोपण गरेका थिए ।

यसपटक भने प्रधानमन्त्री ओलीले स्वदेशमै मिर्गौला प्रत्यारोपण गराउन लागेका हुन् । नेपालकै अस्पताल, विशेषज्ञ बाँकी पृष्ठ २ मा

# १९ बाहिरिए १८ को शपथ आज

**राष्ट्रियसभामा काँग्रेस झनै कमजोर**
**नेकपा-४९, काँग्रेस-६, समाजवादी-२, राजपा-१, एक मनोनित बाँकी**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

राष्ट्रियसभाका एकतिहाई सदस्य अर्थात १९ जना मंगलबार विदा भएका छन् । नेपालको संविधान अनुसार राष्ट्रियसभाको पहिलो चुनाव पछि राष्ट्रियसभा सदस्यहरुको फरक-अवधि तोकिएको थियो । जसअनुसार दुई वर्षे कार्यकाल पाएका सदस्यहरु मंगलबार विदा भएका हुन् । गोला थुतेर दुई बर्षे कार्यकाल पाएका सत्ता-प्रतिपक्षी सांसदले बैठक बस्नुअघि सामुहिक तस्बिर खिचाएका थिए । त्यसपछिको बैठकमा आ-आफ्नो धारणा राखेका थिए । अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कार्यकाल सकिन लागेका सांसदलाई कार्यअनुभव सुनाउन ५ मिनेट समय छुट्ट्याएका थिए ।

नेकपा, कांग्रेस, समाजवादी र राजपाका गरी १८ सांसद विदा हुनुका साथै राष्ट्रपतिबाट मनोनित भएका डा.युवराज खतिवडा पनि विदा भएका हुन् । खतिवडा दुई बर्षे कार्यकालको अन्तिम दिन बसेको संसद बैठकमा उपस्थित भए पनि खतिवडा बोलेनन् । १७ जना सांसदले आफ्ना अनुभव सुनाउँदै गर्दा खतिवडा भने राजीनामाको तयारी बाँकी पृष्ठ २ मा

# पूर्व डिआइजी शाहमाथि भ्रष्टाचार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

पूर्व डीआईजी तथा महेशविक्रम शाहमाथि भ्रष्टाचार मुद्दा दायर भएको छ । साहित्यकारसमेत रहेका शाह मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौलीमा कार्यरत रहँदा भ्रष्टाचार गरेको आरोप छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार शाहसहितका प्रहरी अधिकारीहरुमाथि ३३ लाख ३८ हजार रुपैंया अनियमितता गरेको आरोप छ । अख्तियारले दायर गरेको आरोपपत्र अनुसार सिन्धुली दुधौलीका समादेशक शाहसहित लेखापाल दीपेन्द्रप्रसाद पनेरु, लेखा सहायक केशव सिंह ऐर लगायतमाथि मुद्दा दायर भएको हो।

अख्तियारको दाबी अनुसार भर्ना भएर अन्यत्र पदस्थापन भइसकेका प्रहरी जवानका नाममा तलब भत्ता निकालेर भ्रष्टाचार गरेको भेटिएको छ। २०४६ माघमा प्रहरी सेवा प्रवेश गरेका शाहले ३० वर्षे सेवा अवधिका कारण गत महिना अवकाश पाएका थिए । उनी तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालका ब्याची हुन् ।

# कहाँ पुग्यो बाँस्कोटा प्रकरण ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निवर्तमान सञ्चार तथा सूचना प्रविधि गोकुल बाँस्कोटामाथि अनुसन्धान सुरु गरिसकेको छ । सेक्युरिटी प्रेस खरिद प्रकरणमा ७० करोड कमिसनको कुरा गरेको भनिएको अडियो सार्वजनिक भएपछि ८ फागुनमा पदबाट राजीनामा दिएका बाँस्कोटामाथि अनुसन्धान सुरु भएपनि हालसम्म प्रगती हुन सकेको छैन । बाँस्कोटालाई सरकारबाटै संरक्षण भइरहेको आरोपसमेत लागेको छ ।

अख्तियारका प्रवक्ता प्रदीप कोइरालाका अनुसार उजुरीका आधारमा अनुसन्धान सुरु भइसकेको छ । विभिन्न सञ्चार माध्यममा प्रकाशितरप्रसारित समाचारलाई आधार बनाएर विजयबाबु शिवाकोटी र प्रितम सुवेदीले ११ फागुनमा दिएको उजुरीका आधारमा छानविन अगाडि बढेको प्रवक्ता कोइरालाले बताए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीबाटै अनुसन्धान प्रभावित गर्ने काम भइरहेको बताउँदै आएका छन् । आइतबारको प्रतिनिधिसभामा उनले यसै विषयमा प्रश्नसमेत गरेका थिए । केही दिनअघि काठमाडौंमा आयोजित नेकपाको कार्यक्रममा प्रधानमन्त्री ओलीले अडियो कसको भन्ने प्रमाणित नहुँदै सरकारलाई बदनाम गर्ने काम भएको बताएका थिए ।

आफ्नो नाममा समेत उजुरी परेको सुनेको भन्दै प्रधानमन्त्री ओलीले त्यसता उजुरी काम नलाग्ने पत्रु उजुरी हो भन्ने स्वतःसिद्ध हुने दाबी गरेका थिए । ११ फागुनमा प्रेमबहादुर शाही (नेपालगञ्ज) र आनन्दराम पौडेल (हेटौंडा) द्वारा अख्तियारमा दर्ता निवेदनतर्फ लक्षित गर्दै प्रधानमन्त्रीले त्यस्तो धारणा राखेका थिए ।

विशेष अदालत, काठमाडौंमा पूर्वअध्यक्ष गौरीबहादुर कार्की प्रश्न उठिसकेपछि त्यसलाई ‘दूधको दूध, पानीको पानी’ छुट्टिन दिनुपर्ने बताउँछन् । प्रधानमन्त्रीको यस्तो भनाइले अनुसन्धान प्रभावित हुनसक्ने उनको भनाइ छ ।

बाँस्कोटाले पदबाट राजीनामा दिएकै दिन सिंहदरबारस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अख्तियारले छापा मारेको समाचार सार्वजनिक भएको थियो । सादा पोशाकमा आएका व्यक्तिहरूले मन्त्रालयबाट कागजपत्र उठाएर लगेको कुरा अख्तियारले अस्वीकार गरेको छ । अख्तियारका प्रवक्ता कोइराला भन्छन्,‘आयोगले विधि र प्रक्रियाअनुसार छापा मार्छ । हामीले अनुसन्धानका लागि कागजपत्र लिँदा मुचुल्का उठाएरमात्रै लिन्छौं, किनभने अनुसन्धान सकिएपछि कागजात दुरुस्त फर्काउनुपर्ने पनि हुन सक्छ ।’

यसैबीच, सञ्चार मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारी मन्त्रालयबाट कागजपत्र लगेको भन्ने कुरामा सत्यता नभएको बताउँछन् । अख्तियार वा अन्य निकायले छापा मारेर कुनै फाइल लगेको कुरा असत्य रहेको दाबी गरे ।



# श्रमस्वीकृति रोकिएको छैन : श्रम मन्त्रालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन २०

वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति नरोकिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ । कोरोना भाइरसको प्रकोप फैलिएसँगै सरकारले श्रमस्वीकृति रोकेको समाचार प्रकाशमा आइरहेका बेला मन्त्रालयले परिस्थितिलाई नजिकबाट नियाली रहे पनि श्रमस्वीकृति नै भने नरोकिएको प्रष्ट पारेको हो ।

मन्त्रालयका सचिव विनोद केसीले मध्यान्हसँग कुराकानी गर्दै कामदारको श्रमस्वीकृति पूर्ववत् सञ्चालन भइरहेको बताए। ‘कोरोना भाइरसको प्रकोपलाई नजिकैबाट नियालिरहेको छ। तर, श्रमस्वीकृति नै रोक्नेबारे भने कुनै निर्णय भइसकेको छैन,’ सरकारले कामदारको श्रमस्वीकृति रोकेको हो ? भन्ने मध्यान्हको जिज्ञासामा सचिव केसीले भने ।

श्रमस्वीकृती रोक्नेबारे गुपचुप निर्णय नहुने भन्दै सचिव केसीले यसबारे कुनै निर्णय भएमा त्यसको जानकारी विज्ञप्ति मार्फत दिइने बताए । ‘श्रमस्वीकृति रोकिएको बारे गुपचुप निर्णय गर्नुपर्ने कारण छैन,’ सचिव केसीले भने, ‘यदि सरकारले त्यस्तो कदम चाल्नुपर्ने परिस्थिति बनेमा विज्ञप्तिमार्फत जानकारी गराउने छौं ।’

सोमबार सर्वोच्च अदालतले संयुक्त अरब इमिरेट्स, कुवेत, इरान, बहराइन, जापान, दक्षिण कोरिया, इटली, चीनमा रोजगारीका लागि जाने नेपाली श्रमिकको श्रम स्वीकृति बन्द गर्न सरकारलाई आदेश दिएको र सोही आदेश अनुसार ती देश जाने कामदारहरुको श्रम स्वीकृती रोकिएको समाचार व्यापक बनेको थियो । कतिपय म्यानपावर कम्पनीले सोही अपुष्ट समाचारलाई नै सत्य मानेर श्रमस्वीकृतिका लागि बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## मलेसियाबाट अवैधलाई नफर्काउन माग

**काठमाडौं/मस-**अवैध रूपमा बसिरहेका दक्ष कामदारलाई मलेसियामै काम गर्ने वातावरण बनाउन त्यहाँस्थित ट्रेड युनियनहरूले माग गरेका छन् ।

आफ्नो मुलुकका अवैध कामदारलाई स्वदेश फर्काउन मलेसियाले सुरु गरेको गुड फर व्याक कार्यक्रमको सकिनै लाग्दा मलेसियाका अधिकारवादी व्यक्ति तथा संस्थाहरूले यस्तो माग गरेका हुन् ।

मलेसियाले गत अगस्टमा सुरु गरेको गुडफर व्याक कार्यक्रम बुधबार मध्यरातिदेखि सकिँदैछ । यो कार्यक्रमअन्तर्गत मलेसियाले कानून उल्लंघनबापत ७ सय रिंगिट जरिवाना तिराएर स्वदेश फर्काउने गरेको छ ।

मलेसियाको अनलाइन दी स्टारले मलेसियन इम्प्लोयर फेडेरेसन (एमईएफ) का कार्यकारी निर्देशक शम्शुद्धिन बर्दानलाई उद्धृत गर्दै लेखेको समाचारमा जरिवाना तिराएर दक्ष कामदारलाई स्वदेश पठाउनुको सट्टा वैधानिक गराएर मलेसियामै काम गर्ने वातावरण बनाउँदा रोजगारदातालाई राहत हुने धारणा राखेका छन् ।

मलेसियाका कृषकहरूको संगठन फेडेरेसन अफ मलेसियन भेजिटेबल फार्मर्स एसोसिएसनले पनि यस्तै आग्रह गरेको छ । उक्त एसोसिएसनका अध्यक्ष सो टीओकले अवैधानिक रूपमा बसिरहेका आप्रवासी कामदार सहज ढंगले घर नफर्किने बताए । बाँकी पृष्ठ २ मा

## साउदीमा २ दिन माग प्रमाणीकरण बन्द

**काठमाडौं/मस-** साउदी अरबको रियादस्थित नेपाली राजदूतावासले फागुन २१ र २२ (आज र भोलि) मागपत्र प्रमाणीकरण कार्य बन्द गर्ने भएको छ ।

नेपाली राजदूतावासबाट प्रमाणीकरण गरिएका कामदार मागपत्र वैदेशिक रोजगार विभागको सूचना पद्धति (एफईआईएमएस) मा अपलोड गर्न बाँकी रहेको भन्दै साउदी दूतावासले मागपत्र प्रमाणीकरण कार्य २ दिन बन्द गर्न लागेको हो । बाँकी पृष्ठ २ मा

लागू औषध मुक्त जीवनः स्वच्छ, स्वस्थ र समुन्नत समाज ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सिद्धबाबा कारागार चलान

विराटनगर/मस- मंगलबार अदालतमा आत्मसमर्पण गरेका सिद्धबाबा भनिने कृष्णबहादुर गिरी पुर्पक्षका लागि झुम्का कारागार चलान भएका छन् । आफ्नै अनुयायीलाई बलात्कार गरेको आरोप सम्बन्धी मुद्दामा सिद्धबाबालाई उच्च अदालत विराटनगरले पुर्पक्षमा राख्न आदेश दिएको थियो । अदालतले कारागार चलान गर्ने फैसला गरे लगत्तै फरार रहेका सिद्धबाबा मंगलबार जिल्ला अदालत सुनसरीमा हाजिर भएका थिए ।



अदालतको सुनुवाई चलिरहँदा सिद्धबाबा भने गत माघ ९ गते सुटुक्क विराटनगर सीमाको जोगबनी हुँदै भारततर्फ गएका थिए । तर, मंगलबार भने आफ्नो निकटका केही अनुयायीको साथ लागेर उनी जिल्ला अदालत सुनसरीमा हाजिर भए । लगत्तै प्रहरीले कागजी प्रक्रिया पूरा गरेर उनलाई पूर्पक्षका लागि कारागार चलान गऱ्यो ।

सिद्धबाबा मंगलबार बिहान ११ बजे अदालतमा हाजिर भएको जिल्ला अदालत सुनसरीका निमित्त श्रेस्तेदार निधिराम दाहालले जानकारी दिएका छन् । उनले भने, 'प्रक्रिया पूरा गरेर उहाँलाई मंगलबार नै क्षेत्रीय कारागार झुम्का पठाइएको छ ।'

सिद्धबाबाले अदालतमा दिएको निवेदनमा भने 'भारतको राजस्थानमा उपचार गराएर फर्कने क्रममा अदालतको आदेशका बारेमा जानकारी पाएकोले उपस्थित भएको' उल्लेख छ । उनी ४० दिनको भारत बसाईपछि नेपाल आएका हुन् । गिरीलाई झुम्का कारागारको ब्लक 'ए' मा राखिएको कारागार प्रशासनले जनाएको छ । गिरी अपरान्ह गाडीमै बसेर कारागार परिसरसम्म पुगेका थिए ।

उनले 'अब अदालतभित्रै बसेर न्यायको लडाईं लड्ने' बताएका छन् । सिद्धबाबा गेरुवा बस्त्र र आफ्नो सिताराम लेखेको त्रिदण्ड बोकेरै कारागार प्रवेश गरे । त्यसअघि कारागारको प्रवेशद्वारमा सामान्य काजगी प्रक्रिया पूरा गरे । कारागार प्रवेश गरिरहँदा उनको अनुहार मलिन देखिन्थ्यो । छेवैमा रहेका उनका अति नै निकटवर्ती अनुयायीहरु प्नि निरास, थकित र मौन देखिन्थे ।

सिद्धबाबाले अदालतले आफूलाई पुर्पक्षमा जाने आदेश दिनुअघि नै भारत गएको र त्यसको टिकटसमेत आफ्नो साथमा रहेको दाबी गर्दै भने, 'म उपचारमै भारतमा थिएँ अस्पतालले छुट्टी नदिए पनि नेपालको कानुनको सम्मान गर्न आएको हुँ ।'

सिद्धबाबालाई जिल्ला अदालत सुनसरीले भने रु. ३ लाख धरौटीमा छाड्ने आदेश दिएको थियो । तर, आदेशविरुद्ध सरकारी वकिलको कार्यालयले उच्च न्यायलय विराटनगरमा निवेदन दिएको थियो ।

जिल्ला अदालतमा मुद्दा चलिरहँदा सिद्धबाबा अस्वस्थ्य भएको भन्दै विराटनगरको विराट नर्सिङ होममा भर्ना भएका थिए । उनीमाथि कात्तिक ४ गते राति महिला अनुयायीलाई आफ्नै कोठासँगै रहेको बैठक कक्षमा बोलाएर करणी गरेको आरोप छ ।

काठमाडौं बस्ने ती महिलाले टुनामुना गरेजस्तो गरी बेहोस जस्तो बनाएर आफूलाई करणी गरिएको दाबी गर्दै आएकी छन् । उनले सिद्धबाबा धरौटीमा छुटेपछि इटहरीमा पत्रकार सम्मेलन गरेर आफूले न्याय पाउनुपर्ने मागसमेत गरेकी थिइन् ।

उच्च अदालतले गिरीलाई अस्पताल राख्नुपर्ने अवस्था आए तीन जना चिकित्सकको सिफारिसमा राख्नसमेत आदेश दिएको छ । क्षेत्रीय कारागारका निमित्त प्रमुख सूर्यमान बानियाँले सिद्धबाबाले खाना बनाउन बिजुलीबाट चल्ने इन्डक्सन चुल्हो माग गरेको बताए ।

त्रिदण्डधारी बाबाले स्त्री, पैसा र आगो छुन नहुने मान्यताअनुसार बिजुली चुल्हो मगाइएको एक अनुयायीले बताएका छन् । सिद्धबाबाले सुनसरीको चतराधाममा अवस्थित सुनसरी-मोरङ सिंचाई आयोजनाको जमिनमा ठूलो आश्रम बनाएका छन् ।

# मदन भण्डारी विश्वविद्यालयको पदाधिकारीमा विदेशी

काठमाडौं/मस- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका पदाधिकारी नियुक्ति र योग्यता विधेयकमा नै उल्लेख गर्नुपर्ने सुझाव दिइएको छ । विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिमा दफावार छलफलका क्रममा समिति सदस्यले विधेयकमा नै पदाधिकारीको नियुक्ति र योग्यताबारे स्पष्ट खुलाउनुपर्ने सुझाव दिएका हुन् ।



समिति सदस्य मानबहादुर विश्वकर्माले विधेयकमा पदाधिकारीका योग्यता, नियुक्ति र सेवासुविधा तोकेबमोजिम भनेर मात्र उल्लेख गरिएकाले स्पष्ट नभएका कारण अझ प्रष्ट पार्नुपर्ने बताए । समिति सदस्य विन्दा पाण्डेले पदाधिकारी छनोट गर्ने समिति समावेशी बनाउनुपर्ने सुझाव दिइन् ।

छलफलमा समिति सदस्यहरु विधेयकमा विश्वविद्यालयका पदाधिकारीमाथि उजुरी परेको ९० दिनमा संरक्षक समितिले हटाउने व्यवस्थालाई संशोधन गर्दै ६० दिनभित्र कारवाही गर्ने प्रावधान राख्न सहमत भएका छन् । सदस्य रामकुमारी झाँक्रीले विश्वविद्यालयका पदाधिकारीलाई छानबिनपछि ६० दिनभित्र कारवाही गरिसक्ने प्रावधान राख्नुपर्नेमा सबै सहमत भएको बताइन् । 'उजुरी परेको ३० दिनभित्र छानबिन गरिसक्नुपर्ने र त्यसको ६० दिनभित्र पदाधिकारीलाई कारवाही गर्ने प्रावधान राख्नुपर्छ,' उनले भनिन्, '९० दिन राख्दा लामो हुने र कारवाही प्रक्रिया नै बिथोलिन सक्छ ।'

समितिमा सहभागी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले पछिल्लो समय खोलिएका विश्वविद्यालयभन्दा फरक बनाउनका लागि मभ विश्वविद्यालय खोल्न थालिएको जानकारी दिए । उनले विश्वका अन्य विश्वविद्यालयमा जस्तै बाहिरबाट पदाधिकारी ल्याउन थालिएको बताए । 'अमेरिकाको हार्डवर्ड विश्वविद्यालयका उपकुलपति पनि बाहिर देशका रहेका छन्,' उनले भने, 'त्यसैले हामीले पनि विदेशी जनशक्तिसँग प्रतिस्पर्धा गर्नका लागि जनशक्ति उत्पादन गर्न विदेशीलाई नै पदाधिकारी बनाउन थालेका हौं ।'

उनले पछिल्लो पटक लुम्बिनी बौद्ध विश्वविद्यालयलाई पनि अनुसन्धानमूलक विश्वविद्यालय बनाउन खोजिए पनि नसकिएको स्वीकार गर्दै मभ विश्वविद्यालयलाई भने दक्ष जनशक्ति, प्राविधिक र अनुसन्धानमूलक बनाउन खोजिएको जानकारी दिए । उनले विश्वविद्यालयलाई विश्वव्यापीरुपमा चिनाउनका लागि नै विदेशका पदाधिकारी ल्याउन सकिने बताए ।

शिक्षा मन्त्रालयका विज्ञान तथा प्रविधि सचिव डा सञ्जय शर्माले चीन र भारतका विश्वविद्यालयमा पनि विदेशबाट उपकुलपति ल्याइएको हुनाले यहाँ पनि त्यसको अभ्यास गर्न थालिएको बताए । 'हङकङमा रहेका विश्वविद्यालयको उपकुपति बेलायतका रहेका छन्,' उनले भने, 'बाहिरबाट ल्याइएका पदाधिकारीले राम्रोसँग विश्वविद्यालय सञ्चालन गरेका छन् ।

# पशुप्रतिको निर्दयीताविरुद्ध जुर्मुराउँदै अधिकारकर्मी

काठमाडौं/रासस- मुलुकका विभिन्न सडक क्षेत्रमा पशु यत्रतत्र छाडिएको देखिन्छ । बुढो, अपाङ्ग, अङ्गभङ्ग भएका गाई, बाच्छा, गोरु, बिरालो, कुकुर दयनीय अवस्थामा भेटिने गरेको छ । गाडीले ठक्कर दिएका पशु विक्षिप्त अवस्थामा भेटिन्छन् ।

उपत्यका काठमाडौंमा पशु व्यवस्थापनमा ठूलो चुनौती छ । सरकारी तवरबाट खासै चासो पुग्न सकेको छैन । निजी प्रयासमा समुदाय सङ्गठित भएर पशुको उद्धार, व्यवस्थापन र संरक्षणका काम भइरहे पनि पर्याप्त छैन । पशुप्रति समाजमा सकारात्मक दृष्टिकोण कमजोर बन्दै गएको कतिपय घटनाबाट प्रष्ट हुन्छ ।

नेपालगञ्जका गाईगोरु दैलेख लैजाने क्रममा सुर्खेतमा मरेका घटना होस् या कुकुरले टोकेको रिसको झोकमा काठमाडौंमै कुकुर मारिएको घटना होस् । यस्ता घटनामा कुनै न कुनै रुपमा जनप्रतिनिधि नै संलग्न देखिन्छन् ।

पशुप्रतिको निर्दयीता बढ्दै गएको र जान्दाजान्दै पनि पशुप्रति गर्ने व्यवहार सकारात्मक नदेखिएपछि पशु अधिकरकर्मी पशुमाथि हुने क्रुर व्यवहारविरुद्ध लागेका छन् । समाजमा कानूनी सचेतना जगाउनु जरुरी रहेको निष्कर्षसहित पशु अधिकारकर्मी जुरमुराउन थालेका छन् । उनीहरुले केहीदिनअघि मात्रै काठमाडौंमा एउटा भेला राखेर त्यसविरुद्ध लाग्ने निर्णयसमेत गरेका छन् । कानूनको अनविज्ञताले घटना बढेको उनीहरुको भनाइ छ । पहिलो चरणमा आफू पनि ऐन-नियमका बारेमा प्रष्ट हुने र त्यसपछि अरुलाई सचेतना जगाउन लागिपरेको पशु अधिकारकर्मी तथा पशुपक्षीप्रति निर्दयता रोकावट समाजका महासचिव विना पन्त बताउँछन् ।

कानूनमा पशुलाई यातना दिन नपाइने स्पष्टरुपमा उल्लेख छ । यातना दिएमा कैदको व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । प्रहरीले उजुरी नै दर्ता गर्न नमान्ने अवस्था रहेको पशुअधिकारकर्मीको अनुभव छ । त्यसैले पशु यातनाविरुद्ध सङ्गठित भएर लागेको पन्तले बताए ।

'समाजमा पशुलाई माया गर्नुपर्छ भन्ने भावना जागृत हुन सकेको छैन, आफैँले वर्षौं पालेको कुकुरलाई सानो विषयमा सडकमा लगेर फ्याँक्ने समाज छ, पहिले कानूनका बारेमा सचेतना जगाउन जरुरी छ, त्यसैले हामीले सचेतना अभियान थालेका छौं,' पशुअधिकारकर्मी पन्तले भने ।

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २७ मा पशुपक्षीसम्बन्धी कसुरको व्यवस्था छ । संहिताको दफा २९० मा कसैले कुनै पशुपक्षीलाई कुटी, हिर्काइ वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाइ वा सामर्थ्यभन्दा बढी दौडाइ वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकालाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपक्षी रोगी वा वृद्ध भएका कारणले सार्वजनिकरुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न नहुने उल्लेख छ । उक्त कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

संहिताको दफा २८९ मा त्यस्ता पशु मर्न गएमा तीन वर्षसम्म कैदको व्यवस्था छ । अङ्गभङ्ग गराएमा छ महिनासम्म कैद हुन्छ । रोगी तथा वृद्ध पशुहरुलाई सार्वजनिक स्थानमा छाड्न नहुने र यस्तो कार्य गरेमा तीन महिना कैद र पाँच हजार जरिवानाको व्यवस्था छ ।

पशु ढुवानी मापदण्ड २०६४ ले ढुवानी गर्दा हलचल गर्न सक्ने गरी राख्नुपर्ने, शरिरको बनोटअनुसारको गाडीमा राख्नुपर्ने, नाके डोरी, पुच्छर, खुट्टा बाँध्न नहुने उल्लेख रहेको अन्तर्राष्ट्रिय वातावरण कानूनका जानकार अधिवक्ता पदमबहादुर श्रेष्ठ बताउँछन् ।

कानूनमा भएको व्यवस्था कार्यान्यवन हुन सकरिहेको छैन । अहिले पनि यातना दिएर ट्रकका ट्रक पशु ढुवानी भइरहेको छ । पशु अधिकारकै विषयमा सर्वोच्च अदालतले नजिरसमेत स्थापित गरेको छ । कार्यान्वयन हुन नसक्नु चिन्ताको कुरा भएको अधिवक्ता श्रेष्ठ बताउँछन् ।

अर्का अधिवक्ता निर्मल शर्मा कानूनमा व्यवस्था भएका कुरालाई समाजमा चेतना जगाउनु जरुरी रहेको बताउँछन् । उनले बन्दै गरेको पशु कल्याण ऐनले भने धेरै कुरा समेटेको बताए । मानिस सर्वोत्कृष्ट प्राणी हो । के गर्न हुन्छ र के गर्न हुँदैन, उसलाई राम्रो ज्ञान हुन्छ । मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी मानिसले अन्य प्राणीको रक्षा गर्नुपर्नेमा जोड दिनुपर्छ भन्छन् ।

पृथ्वीमा पशुको पनि मानवको जत्तिकै स्थान रहेको उल्लेख गर्दै संस्कृतिविद् डा गोविन्द टण्डन भन्छन्, 'मनोरञ्जनका नाममा पशुलाई जुधाउने तथा मारकाट गर्ने काम बन्द गर्नुपर्छ ।' गाई, गोरु, साना बाच्छा, घरमा भुक्न छाड्ने कुकुर सडकम छाड्ने क्रम बढेको छ । सडकमा भएका जनावरलाई कुटेर र तातोपानी खन्याएर अङ्गभङ्ग बनाइएको छ । यसप्रति सचेतनाको खाँचो रहेको अधिवक्ता श्रेष्ठले बताउँछन् ।

### १९...

गर्दै थिए । राष्ट्रियसभामा नेकपाका आठ, कांग्रेसका सात, राजपाका दुइ, समाजवादीका एक र राष्ट्रपतिबाट मनोनित खतिवडा गरी १९ को कार्यकाल सकिएको हो ।

एक तिहाइ सांसदलाई बिदाइ गर्दै अध्यक्ष तिमिल्सिनाले योगदानको चर्चा पनि गरेका थिए । उनीहरू २०७४ माघ २४ मा भएको निर्वाचनबाट सदस्य भएका थिए। २०७४ फागुन २१ देखि राष्ट्रिय सभाको बैठक सुरू भएको थियो । दुई बर्षमा एक सय ५२ दिनमा एक सय ७४ वटा बैठक बसेको तिमिल्सिनाले जानकारी गराए । उनले भने, 'चार वटा अधिवेशन सकिएर पाँचौं अधिवेशन चालु छ । १५२ दिनमा १७४ बैठक बसेका छन्, ६५ विधेयक पारित भएको छ । सात विशेष प्रस्ताव छलफल गरी सरकारलाई मार्गनिर्देशन गरिएको छ ।'

उनले बिदाइ भएर गएका सांसदलाई उच्च राजनीतिक सफलताका लागि शुभकामना पनि दिए । अर्को बैठक बुधबार दिउँसो सवा १२ बजे बस्ने गरी स्थगित भएको छ । निर्वाचनबाट आएका १८ जना नयाँ सांसदको सपथ पनि बुधबार नै हुँदैछ । एक जना सांसद भने सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्न बाँकी छ । उक्त पदमा नेकपाका उपाध्यक्ष गौतम वा राजीनामा दिएका अर्थमन्त्री खतिवडा को आउँछन् अहिले नै टुंगो लागिसकेको छैन ।

### प्रत्यारोपण...

चिकित्सक, उपकरण र उपलब्धि सेवामा विश्वास गर्दै प्रत्यारोपण गराउन लागेका प्रधानमन्त्री ओलीले भिडियो सन्देश मार्फत् आफैले देखाएको सपनाहरु ऋलपत्र पारेर अलप नहुने प्रतिबद्धता जनाएका छन् ।

### साउदीमा...

दूतावासले मंगलबार एक सूचना जारी गर्दै मागपत्र प्रमाणीकरण कार्य बन्द हुने बताएको छ । बुधबार र बिहीबार प्रमाणीकरण कार्य बन्द रहे पनि त्यसपछि भने नियमित सञ्चालनमा आउने जनाएको छ ।

सरकारले प्रमाणीकरण गरिएका मागपत्र केही समयदेखि विभागको सूचना पद्धतिमा अपलोड गर्न थालेको छ । तर, अपलोड कार्यले गति नलिँदा मागपत्र प्रमाणीकरण कार्य प्रभावित हुँदै आएको छ । सूचना पद्धतिको सुस्तताकै कारण यसअघि पनि रियादस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण कार्य केही दिन बन्द गराएको थियो । सूचना पद्धतिका कारण नयाँ मागपत्र प्रमाणीकरणमा समस्या भएकाले यसलाई चुस्त बनाउन सरोकारवालाहरूले सरकारसमक्ष माग गरेका छन् ।

### श्रमस्वीकृति...

फाइल पेस गर्न रोकेका थिए । सचिव केसीले कोरोना भाइरसको संक्रमण विश्वव्यापी भएको अवस्थाको मूल्यांकन सरकारका साथै वैदेशिक रोजगार व्यवसायीहरूले पनि गर्नुपर्ने सुझाव दिए । उनले भने, 'नेपाली कामदार जाने मुलुकको अवस्था के छ ? त्यहाँको सरकारले के-कस्तो निर्णय गरेको छ ? त्यस विषयमा व्यवसायीहरूले आफ्नो च्यानलबाट पनि बुझ्न सहज छ ।

केही कोरोना प्रभावित देशले विदेशी कामदार लिन रोकेका छन् । त्यसमध्ये इपीएस प्रणालीबाट जाने दक्षिण कोरियाले गत हप्तादेखि विदेशी कामदार लिन छाडेको छ ।

यसैबीच, वैदेशिक रोजगार विभागअन्तर्गतको वैदेशिक रोजगार कार्यालय ताहाचलले पनि वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति नरोकिएको जनाएको छ । कोरोना प्रभावित देशमा जाने कामदारका लागि श्रमस्वीकृति कार्य स्थगित भएको खबरहरू प्रकाशमा आएपछि कार्यालयले श्रम स्वीकृति नरोकिएको स्पष्ट पारेको हो ।

ताहाचाल कार्यालयका प्रमुख उमेश बस्नेतले वैदेशिक रोजगारीमा जाने कामदारका लागि पूर्ववत् रूपमै श्रमस्वीकृति दिने कार्य भइरहेको मध्यान्हलाई बताए । 'श्रम स्वीकृति रोक्नु भनेर मन्त्रालय या विभागबाट पनि कुनै पत्र आएको छैन र श्रमस्वीकृति दिने कार्य पनि रोकेका छैनौं,' बस्नेतले भने ।

यद्यपि, सरकारले रोजगारी र घुमफिरका लागि विदेश नजान आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयले सोमबार ट्राभल एड्भाइजरी (यात्रा चेतावनी) जारी गर्दै घुमफिर र रोजगारीका लागि विदेश नजान आग्रह गरेको हो ।

व्यवसायीसँग छलफल

वैदेशिक रोजगारीमा नजान सुझाएको सरकारले यसमा प्रतिबन्ध लगाउनेबारे छलफल थालेको छ । वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालासँग सरकारले छलफल थालेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग धारणा मागिएको अध्यक्ष विष्णुप्रसाद गैरेले जानकारी दिए । 'हामी पनि विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल गरिरहेका छौं,' अध्यक्ष गैरेले मध्यान्हसँग भने, 'छलफल पछि संघको धारणा मन्त्रालयलाई दिने छौं ।'

संघका महासचिव सुजित श्रेष्ठले कोरोना भाइरसबारे भ्रम सिर्जना गरिएको गुनासो गरे । नेपालका श्रम गन्तव्य मुलुकले कामदार नपठाउन् नभनेसम्म कामदार पठाउन रोक्न नहुने उनले बताए । 'सरकारले श्रमस्वीकृति रोक्यो भने व्यवसायीले कामदार पठाउने कुरै भएन । तर अहिलेसम्म सरकारले श्रमस्वीकृति रोक्ने निर्णय नगरेकाले कामदार पठाउने काम नियमित भइरहेको छ,' श्रेष्ठले भने ।

अर्थतन्त्रमा दीर्घकालीन असर पर्ने चिन्ता

कोरोना भाइरसका कारण नेपालबाट जाने कामदार रोकिने र विदेशमा काम गरिरहेका नेपाली फर्किनुपर्ने अवस्था उत्पन्न भएमा त्यसले मुलुकको अर्थतन्त्र प्रभावित हुने लक्षण देखापर्न थालेको छ । हाल करिब ४० लाख नेपाली वैदेशिक रोजगारीमा छन् । यसको करिब आधा हिस्सा खाडी र मलेसियामा छन् । नेपाली कामदार रहेका ओमान, कुवेत, दुबई, मलेसिया कतार, बहराइन, लेबनानसम्म कोरोना भाइरसका संक्रमण देखा पर्न थालेका छन् ।

यस्तो अवस्थामा नेपाल सरकारले लिने निर्णय व्यवहारिक हुनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

व्यवसायीहरुले भिसा प्राप्त गरेका कामदार उठाउन नसके उनीहरुले भिसा शुल्क रोजगारदाता कम्पनीलाई जरिवानास्वरूप तिर्नुपर्ने छ भने नेपालका म्यानपावर कम्पनीहरू अविश्वसनीय समेत बन्ने खतरा रहेको छ । विदेश जाने कामदार रोक्दा नेपालले प्राप्त गर्ने रेमिट्यान्समा पनि असर पर्ने विज्ञहरुको भनाइ छ ।

### मलेसियाबाट...

मलेसिया नेपालीको प्रमुख रोजगार गन्तव्यमध्ये एक हो । यहाँ कार्यरत नेपालीमध्ये ११ हजार अवैधानिक रहेको अनुमान छ ।


Saudi मा रोजगार | १. कम्पनी : SHABH AL KHALIJ EST. FOR CONTRACTING शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/20 चलानी नं.: ६०१५२९१० LT. No.: 234553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 2 | 0 | सम्बन्धित कामना दक्ष | 1800 | ५५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Machine Mechanic Assistant | 2 | 0 | | 2500 | ७७,३५० | | | | | | | |
| 3. | General Electrion | 1 | 0 | | 1400 | ४३,३१५ | | | | | | | |
| 4. | Worker Architect | 10 | 0 | | 1000 | ३०,९४० | | | | | | | |

२. कम्पनी : AL MARASIM AL ASREYAH FOR TRADING EST शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६२ LT. No.: 233209 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FOUNDATION TIRED MOHAMMED BIN HUIMEL TRADING शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१७६३ LT. No.: 233208 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : AQEELA SAMIHAN SAUD AL JUBRAN शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१०/०९ चलानी नं.: ६०१५०४२२ LT. No.: 231637 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Men Barber | 1 | 0 | स. काममा दक्ष | 1500 | ४६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २८ गते (11 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु संग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

FAZAL INTERNATIONAL PVT. LTD.

Gov. Lic. No. 709/064/065

Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



BARENG RURAL MUNICIPALITY

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

Hugdisir, Baglung

Gandaki Province, Nepal

Invitation for Sealed Quotation

(date of first publication : वि.सं.२०७६/११/२१ A.D. 04-03-2020)

1) The Bareng Rural Municipality invites sealed quotations from registered Contractor for the Maintenances Of School Class Room( Class Room Maintenances).

| S.N. | Name of work | Contract ID | Estimated Amount NRS. (Without VAT) | Bid Doc, Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Maintenances Of School Class Room(Bal Class). | BRM/BAGLUNG/NCB/SMW/06/2076–077 | 1,325,893.30 | 1,000 | 33,150 |

2) For the further information visit Bareng Rural Municipality office.(webM www.barengmun.gov.np)

# विमानस्थलमा चेकजाँचमा कडाइ




**काठमाडौं/मस-** नेपालमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन त्रिभुवन विमानस्थलमा चेकजाँचमा कडाई गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यसअघि चीन लगायत अन्य केही मुलुकबाट आउने नागरिकहरुको स्वास्थ्य परीक्षण गरिँदै आएकोमा अहिले सबै देशबाट आउने नागरिकहरुको परीक्षण थालिको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले विमानस्थलको जनशशक्ति समेत दोब्बर पारिएको बताए। एक सिफ्टमा ५ जना हुनेगरी १९ भन्दा बढी स्वास्थ्यका कर्मचारी विमानस्थलमा खटाइएको उनले बताए।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रवक्ता सरुवा रोग विशेषज्ञ डा.अनुप बास्तोलाले प्रकोपग्रस्त देशबाट आउने नागरिकहरुलाई आइसोलेसनमा राख्न सुरु गरिएको बताएका छन्। दक्षिण कोरियाबाट फर्किएका ७ जना नेपाली नागरिकहरुमा सामान्य लक्षण देखिएपछि आइसोलेसनमा राखिएको उनले बताए। २ जना घर फर्किसकेका छन् भने ५ जनाको रिपोर्ट मंगलबार आउनेछ।

वरिष्ठ चिकित्सक सुन्दरमणि दीक्षितले नेपालमा चीन, जापान लगायत प्रभावित क्षेत्रका नागरिकहरु अहिले पनि निर्वाध रुपमा आवतजावत गरिरहेको बताए। विभिन्न देशबाट नेपालीहरु पनि फर्किरहेको अवस्थामा बढी जनघनत्व भएको उपत्यकामा यसको संक्रमण फैलिए ठूलो रुप लिने उनको भनाइ छ।

मौसम परिवर्तन सँगै रुघाखोकीको प्रकोप पनि सँगै देखिएको भन्दै चिकित्सकहरुले नियमित रुपमा साबुन पानीले नियमित रुपमा हात धुन आग्रह गरेका छन्। ५ वर्षभन्दा मूनिका बालबालिका, ६० वर्षभन्दा माथिका वृद्धवृद्धा तथा दिर्घरोगीमा रुघाखोकी ज्वरोजस्ता लक्षण देखिएमा तत्काल अस्पताल पुऱ्याउन पनि आग्रह गरेका छन्।

यसअघि मन्त्रालयले सोमबार एक सूचना जारी गर्दै कोरोना बढी प्रभावित मुलुक चीन, दक्षिण कोरिया, इरान, इटालीलगायतका उच्च जोखिम भएका मुलुकबाट नेपाल आउने यात्रुहरुले नेपालको अध्यागमन बिन्दुमा अनिवार्य रुपमा कोभिड-१९ बाट संक्रमित नभएको पुष्टि गर्ने स्वास्थ्य परीक्षणको प्रमाण पेश गर्नसमेत आग्रह गरेको छ।

डब्लुएचओले नेपाललाई कोरोना संक्रमणको उच्च जोखिममा परेको बताएपछि सरकारले उच्च सतर्कता अपनाएको छ। कोरोना संक्रमित मुलुकका लागि अन अराइभल भिसा रोक लगाउनुका साथै कुनै पनि नेपालीलाई अत्यावश्यक कामबाहेक विदेश नजान आग्रह सरकारले आग्रह गरेको छ। हालसम्म विश्वभरी कोरोना संक्रमणबाट तीन हजारभन्दा बढीको मृत्यु भइसकेको छ भने करिब ९० हजारलाई संक्रमण भएको छ।

## बसन्तपुरमा चीर ठड्याइयो : फागु शुरु

**काठमाडौं/मस-** सांस्कृतिक एवं परम्परागत फागु पर्व बसन्तपुरमा चीर ठडाएपछि सोमबारदेखि शुरु भएको छ। प्रत्येक वर्ष फागुन शुक्ल अष्टमीका दिन शुभ साइत हेरी विधिवत रुपमा मयलको रूखलाई रङ्गीबिरङ्गी ध्वजा पताकाले सजाएर 'चीर' उठाएपछि फागु पर्व शुरुवात भएको मानिन्छ।

बसन्तपुरस्थित हनुमान ढोका दरबारको दक्षिण पटाङ्गिनी, ऐतिहासिक मोहनकाजी चोक तथा दाखचोकमा बिहान सात बजेर ५७ मिनेटको साइतमा विभिन्न रंगका रंगीचंगी कपडा झुण्डाइएका तीन तले चीर गाडिएको हो। चीर ठड्याएसँगै वसन्तपुरमा रङ्गीबिरङ्गी रङ खेली खुशी मनाइएको थियो।

फागुन शुक्ल अष्टमीका दिन शुरु हुने उक्त पर्व फागु पूर्णिमासम्म मनाइन्छ। पूर्णिमाको राति चिर ढालेर त्यसलाई टुँडिखेल पुऱ्याएर दहन गरिन्छ। बसन्तपुरमा विधिवत रुपमा गाडिएको चीर ढालेपछि फागु पर्व सकिएको मान्ने परम्परा छ।

फागुन शुक्ल पूर्णिमाका दिन बेलुकी ७:११ बजे चीर ढाल्ने साइत समितिले दिएको छ। सोही दिन राति ८:५१ बजे चीर तानेर टुँडिखेल लगी जलाएपछि फागु पर्व सकिन्छ। यस वर्ष पहाडी जिल्लामा फागुन २६ गते सोमबार र तराईका जिल्लामा फागुन २७ गते मंगलबार फागु पर्व मनाइँदैछ। फागु पर्वलाई आपसी कटुताको अन्त्य र सद्भावबृद्धीको पर्वको रुपमा पनि लिने गरिन्छ।




## ६ किलो सुनसहित पक्राउ

**हेटौंडा/मस-** मकवानपुर प्रहरीले ६ किलो २ सय ८९ ग्राम ३५० मिलि ग्राम सुन सहित भारतीय नागरीकलाई पक्राउ गरेको छ। पुर्वपश्चिम राजमार्गको हेटौंडा-१५ रातोमाटेमा काठमाडौंबाट वीरगञ्ज जाँदै गरेको रात्रि बस चेकजाँचका क्रममा सुनसहित करनाटकका ४२ वर्षीय अब्दुल मजिद अनेकललाई पक्राउ गरेको हो।

विशेष सुचनाको आधारमा प्रहरीले अब्दुलले ठूला उपकरणमा प्रयोग हुने फलामको बेरीङ्ग भित्र राखेर ल्याएको सुन बरामद गरेको मकवानपरका प्रहरी उपरिक्षक सुशील सिं राठोरले जानकारी दिए।

प्रहरीले सुन र पक्राउ परेका अब्दुललाई मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। प्रहरीका अनुसार पक्राउ परेको सुन नेपाली बजार मूल्य अनुसार ४ करोड २७ लाख ५८ हजार रहेको बताइएको छ। सुनसहित पक्राउ परेका अब्दुललाई आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रहरीले जानकारी दिएको छ।

## नेपाल-भारत समन्वय समितिको बैठक आज



**काठमाडौं/मस-** नेपाल-भारतको जिल्लास्तरीय समन्वय समितिको बैठक बुधबार (आज) बैतडीमा बस्ने भएको छ। भारतसँग सीमा जोडिएका सुदूरपश्चिम प्रदेशका पहाडी जिल्ला बैतडी र दार्चुला तथा भारतको उत्तराखण्डको पिथौरागढको संयुक्त बैठक बस्न लागेको हो।

बैठकमा भारतको पिथौरागढ जिल्लाका डिस्टिक म्याजिस्टेट (डिएम) डाक्टर विजयकुमार जोगदण्डे, बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेल, दार्चुलाका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलको सहभागिता रहने जनाइएको छ। जिल्ला प्रशासन कार्यालय बैतडीमा सञ्चालन हुने बैठकमा पिथौरागढ, बैतडी र दार्चलामा सुरक्षा निकायका प्रमुखहरुको पनि सहभागिता रहने भएको छ।

बैठकमा दुईपक्षीय/बहुपक्षीयका विभिन्न २१ बुँदामा छलफल हुने बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले जानकारी दिए। सीमामा नागरिकलाई हुने समस्या, भारतीय पेन्सनधारीलाई भएको समस्या, शान्ति सुरक्षा, मानव बेचबिखन, अवैध हातहतियार, वन्यजन्तु ओखटोपहार कारोवार, दुवै देशलाई असर पुऱ्याउने बाढीपहिरो नियन्त्रण, शरणार्थी, अवैध उत्खनन्, अवैध मुद्रा नियन्त्रण, कोरोना भाइरसलगायतका विषयमा छलफल हुने जनाइएको छ। दुई देशको जिल्लास्तरीय समन्वय समितिको बैठक बैतडीमा पहिलोपटक बस्न लागेको हो।

## ट्याङ्की सञ्चालनमा ढिलाइले स्थानीयहरु दूषित पानी पिउन बाध्य

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २० फागुन

नवलपरासीको प्रतापपुर गाउँपालिका वडा नं ५ स्थित बैदौलीमा खानेपानी ट्यांकङ्की सञ्चालनमा नआएपछि स्थानीय दुषित पानी खान बाध्य भएका छन्। खानेपानी ट्याङ्कीको भौतिक संरचना निर्माण कार्य करिब ३ वर्ष पहिला सम्पन्न भएपनि अहिलेसम्म स्थानीयले दुषित पानीकै भर पर्नु परेको छ।

करिब १५ हजार लिटर क्षमता भएको सो खानेपानी ट्याङ्कीबाट साविक वडा नं २ र ३ का करिव २५० घर धुरीमा खानेपानी वितरण गर्ने भनिएपनि हाल सम्म होम पाईपको काम मात्र पूरा भएको हो।

उक्त वडाका स्थानीयहरुले करिब ८० देखी ९० प्रतिशत आर्सेनिक युक्त पानी खान बाध्य भएको पुर्व वडाध्यक्ष रामप्रीत यादवले बताए। जिल्ला खानेपानी कार्यालय र सम्बन्धित निकायले कुनै चासो नदेखाएका कारण उक्त खानेपानी वितरण आयोजना दिनहुँ अलपत्र पर्दै गएको यादवले बताए।

सो गाउँमा आर्सेनिकको मात्रा बढी देखिएपछि खानेपानी ट्याङ्की निर्माण गरिएपनि सञ्चालनमा आउन ढिलाई भएको हुँदा स्थानीयहरुले महगो रकम खर्च गरेर पानी किनेर खाने गरेका छन्। साथै निर्माणाधीन



उक्त खानेपानी ट्याङ्कीको भौतिक संरचना दिनहुँ जिर्ण बन्दै गएपछि सम्बन्धित निकायका लागी चुनौती समेत बन्दै गएको देखिन्छ।


## कक्षा ९ सम्मको परीक्षा चैत ५ भित्र सक्न निर्देशन



**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आउँदो चैत ५ गतेभित्र कक्षा १ देखि ९ सम्मको परीक्षा लिन निर्देशन दिएको छ। कोरोना भाइरसको संक्रमण र त्रास बढ्दै गएकोले चैत ५ गतेभित्र नै परीक्षा लिन देशभरका विद्यालयलाई मन्त्रालयले निर्देशन दिएको हो। यस्तै मन्त्रालयले सामूहिक भेला, सेमिनार, गोष्ठीलगायत कार्यक्रम नगर्न पनि आग्रह गरेको छ।

मन्त्रालयका सचिव महेशप्रसाद दाहालले निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन प्याब्सन र नेसनल प्याब्सनको प्रतिनिधि तथा सरोकार पक्षलाई बोलाएर यस्तो निर्देशन दिएका हुन्। सरकारले चैत ६ देखि १५ गतेसम्म विद्यालय शिक्षा परीक्षा एसइई हुने कार्यतालिका भने परिमार्जन नहुने मन्त्रायलका सूचना अधिकारी दिपक शर्माले जानकारी दिए।

## पूर्वसभासद् घिमिरेको दुर्घटनामा मृत्यु



**काठमाडौं/मस-** तत्कालीन संविधानसभा सदस्य एवं झापाका पुराना कम्युनिष्ट योद्धा धर्मप्रसाद घिमिरे भारत पश्चिम बङ्गालको बागडोग्रामा मृत भेटिएका छन्। इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलका अनुसार मंगलबार बिहान बागडोग्राको प्रहरी कार्यालयभन्दा तीन किलोमिटर पश्चिम एशियाली राजमार्गमा 'नख्खु जेल ब्रेकर' घिमिरेलाई मृतावस्थामा भारतीय प्रहरीले फेला पारेको हो।

झापाको मेचीनगर-१३ दुहागढी घर भएका उनले आठ वर्षदेखि डिप्रेसनको औषधि सेवन गरिरहेको पारिवारिक स्रोतले बताएको छ। तीन दिनअघि दाह्री काट्न घर नजीकैको 'चारआली बजार जान्छु' भनी घरबाट बाहिरिएका उनी त्यसपछि सम्पर्कविहीन थिए।

उनको शव बागडोग्रा मेडिकल कलेजमा राखिएको छ। नेपालबाट गएका मृतकका भाइ नरेन्द्रले शव पहिचान गरेको प्रहरी नायब उपरीक्षक पोखरेलले जानकारी दिए। विसं २०२३ देखि कम्युनिष्ट आन्दोलनमा लागेका ६५ वर्षीय घिमिरे २०६४ सालको संविधानसभा चुनावमा झापा क्षेत्र नं १ मा तत्कालीन नेकपा (माओवादी)का तर्फबाट सभासद् निर्वाचित भएका थिए।

उनले झापा विद्रोहपछि पक्राउ परी नौ वर्ष कारागारको सजाय भोगेका थिए। नख्खु कारागार तोड्नेमध्ये उनी पनि एक थिए। भारतीय प्रहरीले उनी एशियाली राजमार्गमा अज्ञात गाडीले ठक्कर दिएर दुर्घटनामा परेको र घटनास्थलमै मृत्यु भएको जानकारी दिएको प्रहरी नायब उपरीक्षक पोखरेलले बताए। मृतक घिमिरेका पत्नी, एक छोरा र दुई छोरी छन्।

## डोल्पामा भाइरलका कारण विद्यालय बन्द

**डोल्पा/मस-** त्रिपुरासुन्दरी नगरपालिका-१ करेलीकाँडामा मौसमी फ्लुको आशङ्का गरिएको अज्ञात रोगका कारण विद्यालयनै बन्द गरिएको छ। एक सातादेखि गाउँमा फैलिरहेको भाइरलका कारण विद्यालयमा अध्ययनरत बालबालिकामा टाउको दुख्ने, ज्वरो आउने, खोकी लाग्नेजस्तो समस्या देखिएपछि गाउँमा रहेको लेखनाथ आधारभूत विद्यालय बन्द गरिएको हो। विद्यालयले एक सूचनाजारी गर्दै विद्यालय बन्द भएको जानकारी गराएको हो।

भाइरलपूर्णरुपमा नियन्त्रणमा नआउञ्जेलसम्म अनिश्चितकालीनरुपमा विद्यालय बन्द गरिएको प्रधानाध्यापक नवराज बुढाले जानकारी दिए। गाउँमा पचासदेखि ६०सम्म भाइरलका कारण बिरामी भएर थला परेको बताइएको छ। सोमबार गाउँमै पुगेको स्वास्थकर्मीको टोलीले ४० को उपचार गरिरहेको वरिष्ठ अहेव शेरबहादुर कठायतले जानकारी दिए।

## यौनधन्दा सञ्चालन गर्ने होटल सञ्चालक पक्राउ

**बनेपा/मस-** बनेपाका विभिन्न स्थानमा अवैधरूपमा यौनधन्दा सञ्चालन गर्ने दुई होटल सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ। बनेपा नगरपालिका वडा नं ७ र ८ मा होटल तथा खाजाघर सञ्चालन गरी भित्र यौनधन्दा सञ्चालन गर्दै आएको उजुरीका आधारमा प्रहरीले छापा मार्ने क्रममा सो क्रियाकलाप भएको पाएपछि होटल सञ्चालकलाई पक्राउ गरी आवश्यक कारवाही अघि बढाइएको इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक योगेन्द्र तिमिल्सिनाले बताए।

उनका अनुसार पक्राउ पर्नेमा बनेपा नगरपालिका-८ विद्युत् प्राधिकरणचोकस्थित होटल त्रिशूली खाजाघरका सञ्चालक नरेश तिमिल्सिना र वडा नं ७ गोदामचोकस्थित होटल सगरमाथा एन्ड गेष्टहाउसका सञ्चालक राजु भन्ने राजीव मानन्धर रहेका छन्। मेलम्ची नरपालिका-७ घर भई हाल बनेपा-८ मा बस्दै आएका तिमिल्सिनाले सञ्चालन गरेको होटलमा केटीसमेत राखेर अवैध यौनधन्दा गरिरहेको भन्ने सूचनाका आधारमा प्रहरीले छापा मार्दा होटल सञ्चालकसहित अन्य एक महिलालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

त्यस्तै अवैध यौनधन्दा सञ्चालन गरेको आरोपमा होटल सगरमाथा एन्ड गेष्टहाउसका सञ्चालक मानन्धरसहित अन्य दुई महिलालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। मानन्धरसँगै साझेदारीमा रहेको बनेपा नगरपालिका-१२ घर भएका चाँदनी भन्ने मनमाया तामाङ भने फरार रहेको प्रहरीले जनाएको छ। 'बाहिर खाजाघर देखाएर भित्र यौनधन्दा सञ्चालन गर्दै आएको पाइएका कारण हामीले सञ्चालकलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि बढाइसकेका छौं,' प्रहरी निरीक्षक तिमिल्सिनाले भने, 'यसअघि पनि यस्तै कार्यमा संलग्न पाइएको बनेपा पुलबजारस्थित सञ्चालनमा रहेको सेभेनडेज खाजाघर नामक होटल कारवाहीमा परेपछि बन्द भएको छ।'

## काठमाडौँ धुलोमुक्त भएन : भित्री सडकमा ब्रुमर लगाउन समस्या

**काठमाडौं/रासस-** भित्री सडकमा खाल्डाखुल्डी पुर्ने काम नहुँदा काठमाडौं महानगरपालिका (कामपा)लाई ब्रुमर सञ्चालन गर्न समस्या परेको छ। आठ मिटर चौडा भएका सडक कामपा र अन्यको अधिकार सडक विभाग मातहतमा पर्दछ। विगत एक वर्षदेखि कामपाले सडक सफा बनाउन नियमितरूपमा सात ब्रुमर सञ्चालन गर्दै आएको छ। त्यसको प्रभाव ठूला सडकमा मात्रै देख्न पाइन्छ।

कामपा वातावरण विभागका प्रमुख हरिकुमार श्रेष्ठका अनुसार सहायक सडमा खाल्डा पुर्ने काम नहुँदा धुलोमुक्त काठमाडौँ हुनसकेको छैन। कामपाले नियमित धुलो सफा गरिरहेको छ। प्रहरीले ट्राफिक व्यवस्थापन, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वाधार विकास र शहरी विकास मन्त्रालयले शहरको सौन्दर्यकरणका साथै अन्य योजना सञ्चालन गरिरहेकाले पछिल्लो समय उपत्यका सुन्दर देखिन थालेको छ।

मुख्य सडकमा खाल्डाखुल्डी देखिँदैन। भएका खाल्डा पुर्ने काम जारी छ। सडक चिल्ला र आकर्षक बन्दै छ। ठाउँठाउँमा रङरोगन लगाएर सौन्दर्यकरणका काम भइरहेको छ। अहिलेको अवस्था नै पर्याप्त नभए पनि उपत्यकाको सडकमा सकारात्मक सुधार आएको छ।

सरकारले उपत्यका भित्रिने शाखा सडकको स्तरोन्नतिसमेतलाई प्राथमिकता दिएर काम गरिरहेको छ। पछिल्लो १०० दिनमा मात्रै सरकारले काठमाडौँ उपत्यकाको नौ हजार ५०० खाल्डाखुल्डी पुरेको छ। यद्यपि भित्री र शाखा सडकमा समस्या यथावत छ।

चालू आर्थिक वर्षको अन्त्यसम्ममा सरकारले उपत्यकाको ८५ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्यसमेत राखेको छ। उपत्यकाको कोरिडोरलगायत क्षेत्रको स्तरोन्नति र कालोपत्रको प्रगति क्रमशः भएको पाइन्छ। तर साना सडकको मर्मतसम्भारका लागि सम्बन्धित भएका निकायले त्यति ध्यान नदिँदा ठूला सडकमा पनि त्यसको असर परेको कामपाले जनाएको छ।

मुख्य सडक पनि केही वर्षअघिसम्म धुलाम्मे देखिन्थ्यो। मोटरसाइकल चालक र पैदलयात्री धुलोको ठूलो मारमा पर्थे। सरकारी कर्मचारी सडक यात्रामा एउटा पोशाक र कार्यालयमा अर्को पोशाक लगाउन बाध्य थिए। उपत्यकाको मुख्य सडकमा अहिले त्यो समस्या निकै हराएर गएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# न्याय निरुपणमा विलम्ब

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई राष्ट्रिय सभागृहमा आयोजित एक कार्यक्रममा गएको शनिबार मात्रै जुत्ता प्रहारको प्रयास भयो । प्रचण्डले बितेको सात वर्षमा मात्रै पाँच पटक आक्रमणको सामना गर्नु परेको छ । प्रचण्ड माथि कहिले थप्पड, कहिले ढुंगामुढा त कहिले बम बिस्फोट मार्फत् आक्रमणको प्रयास हुँदै आएको छ । यी सवै आक्रमणमा तत्कालीन माओवादी कार्यकर्ता संलग्न छन् । प्रचण्ड तिनै नेता हुन्, जसले दश वर्षे जनयुद्धको नेतृत्व गरेका थिए । त्यस बेलाका सुप्रिम कमाण्डर प्रचण्ड माथि आक्रमणको प्रयास हुनुमा न्याय नपाएको झोंक र आक्रोश प्रकट हुने गरेको छ ।

तर, यसरी निन्दनीय भौतिक आक्रमण हुनु पछाडि देखिएको आक्रोश भन्दा कम छैन, द्वन्द पीडितहरूको मुहारमा देखिने पीडा । यसतर्फ भने सरकारको उचित ध्यान पुग्न सकेको देखिदैन । अहिले पनि विभिन्न मञ्च मार्फत् बेपत्ता पारिएका व्यक्तिका परिवारले न्याय खोजिरहेका छन्, पीडित परिवारको कहर उतिकै दर्दनाक छ । तत्कालीन विद्रोही र राज्य पक्षबाट अन्यायमा परेकाहरूले अहिले पनि न्यायको ढोका बन्द गरेका छैनन् । हुन पनि बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा तीन हजार बढीको उजुरी चाङ लागेको छ भने सत्य निरूपण तथा मेलमिलाप आयोगमा ३१ हजारको उजुरी थन्किएर बसेको छ ।

झण्डै वर्ष दिन पछाडि दलीय भागबण्डाका आधारमा यी दुई आयोगमा पदाधिकारी नियुक्त भएका छन् । तर, दुवै आयोगको कार्यसम्पादनले गति लिन नसकेको पीडितहरूले गुनासो गरिरहेकै छन् । बेपत्ता पारिएका व्यक्तिका आफन्तहरूले अहिले पनि स्वास अथवा शव खोजिरहेका छन् । तर, तत्कालीन विद्रोही र राज्य पक्षका नेतृत्व भने सवैखाले अपराधमा जोडिएका आफन्तसँगै आफू जोगिने खेलमा लागेको प्रष्ट देखिएको छ । दुवै आयोगमा दलीय भागबण्डा हुनुले त्यसैलाई प्रमाणित गर्छ ।

यी प्रशंगहरूको आलोकमा भुल्न नहुने तथ्य भने द्वन्द अवधिका घटनाहरूमा न्याय निरूपण नभएसम्म प्रचण्डले समेत शान्तिको स्वास फेर्न सक्ने छैनन् । किनभने, उनलाई ती पुराना घाउहरूले सताइरहनेछ । तसर्थ, दलीय भागबण्डाका आधारमा पदाधिकारी नियुक्ति गरिएपछि उत्पन्न आशंका निरूपण गर्न पनि दुवै आयोगले आफ्नो कामलाई तीव्रता दिनुपर्नेछ । सँगै, यी आयोगलाई बिना हस्तक्षेप काम गर्ने बातावरण मिलाइदिनु वर्तमान सरकारको पनि दायित्व हुनेछ ।

# पुस्तकमा करको अर्थ



■ डा. दिलनाथ दंगाल

"यी देशमा ई–बुकमा औसतमा १२.२५ प्रतिशत र मुद्रित पुस्तकमा ५.७५ प्रतिशत कर लगाइएको छ । त्यसैगरी एसियाली देशहरूले पुस्तकमा लगाएको औसत मूल्य अभिवृद्धि कर ८.६ प्रतिशत छ भने युरोपेली देशहरूमा मूल्य अभिवृद्धि करको दर २१ प्रतिशत छ ।"

कर सबै देशवासीले सरकारलाई अनिवार्य रूपमा तिर्नुपर्ने तिरो हो । भनिन्छ, कर र मृत्यु अवश्यम्भावी कुरा हुन् । राज्यमा थोरै आय हुनेले थोरै र धेरै आय हुनेले धेरै कर तिर्ने व्यवस्था भयो भने न्यायसंगत मानिन्छ । देश विकासका लागि आवश्यक रकम जुटाउन सरकारले समय समयमा करका दरहरूमा परिवर्तन गर्ने गर्छ भने यसको दायरालाई पनि फराकिलो पार्छ । करको दायरा फराकिलो पार्ने क्रममा आर्थिक वर्ष २०७६/७७ को बजेटमार्फत विदेशमा मुद्रण भई आयात भएका पुस्तकमा १० प्रतिशत भन्सार लाग्ने व्यवस्था सरकारले गरेको छ । नेपालको सन्दर्भमा यो कर नयाँ भए पनि विश्वका प्रकाशकहरूको संगठन (आईपीए) र युरोपेली फेडेरेसन अफ युरोपियन पब्लिसर्स (फेप) ले ३६ वटा युरोपेली देश, १३ वटा एसियाली देश, १३ वटा अफ्रिकी देश, ९ वटा ल्याटिन अमेरिकी देश, ५ वटा मध्यपूर्वका देश तथा क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्ड गरी विश्वका ७९ देशमा गरेको सर्वेक्षणले विश्वका अधिकांश देशमा पुस्तकमा कर लगाएको देखाएको छ । सर्वेक्षणले ६० प्रतिशत देशले पुस्तकमा भन्सार महसुल लगाएको र ७५ प्रतिशत देशले ई-बुकमा भन्सार महसुल लगाउने गरेको समेत देखाएको छ । विश्वभरका २२ प्रतिशत देशले मुद्रित पुस्तकमा मूल्य अभिवृद्धि कर लगाएका छन् र ३९ देशले कर लगाएका छैनन् भने ६९ प्रतिशत देशले ई-बुकमा कर लगाएका छन् ।

सर्वेक्षणका अनुसार ३७ वटा देशले मुद्रित पुस्तक र ई-बुक दुवैमा एउटै दरमा भन्सार महसुल लगाएका छन् भने ३५ वटा देशमा ई-बुकको तुलनामा मुद्रित पुस्तकमा करको दर कम छ । यी देशमा ई-बुकमा औसतमा १२.२५ प्रतिशत र मुद्रित पुस्तकमा ५.७५ प्रतिशत कर लगाइएको छ । त्यसैगरी एसियाली देशहरूले पुस्तकमा लगाएको औसत मूल्य अभिवृद्धि कर ८.६ प्रतिशत छ भने युरोपेली देशहरूमा मूल्य अभिवृद्धि करको दर २१ प्रतिशत छ । अधिकांश अफ्रिकी देशहरूले मुद्रित पुस्तकमा मूल्य अभिवृद्धि कर लगाएका छैनन् । डेनमार्कले सबैभन्दा बढी २५ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएको छ । ई-बुकमा सबैभन्दा बढी २७ प्रतिशत मूल्य अभिवृद्धि कर लगाउने देश हंगेरी हो । छिमेकी मुलुक चीनले १३ प्रतिशत, इन्डोनेसियाले १० प्रतिशत, जापानले ८ प्रतिशत र इजरायलले १८ प्रतिशत औसत रूपमा पुस्तकमा भन्सार महसुल लगाएका छन् ।

संयुक्त राष्ट्रसंघीय शिक्षा, विज्ञान तथा संस्कृति नियोग (युनेस्को) सँगको सम्झौतालाई आधार मानेर हेर्ने हो भने पनि अल्पविकसित देशहरूमा पुस्तक आयातमा कर लगाउन पाइन्छ । फ्लोरेन्स एग्रिमेन्ट भनेर चिनिने सन् १९५० को युनेस्कोको पाँचौं जनरल कन्फरेन्सले शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक वस्तुको आयातका विषयमा भएको समझदारीपत्रको पहिलो अनुच्छेदमा पुस्तकसहित ५ शीर्षकका वस्तु निर्वाध आयात गर्नुपर्ने उल्लेख भए तापनि पत्रको दोस्रो अनुच्छेदको अन्तिममा अल्पविकसित देशका हकमा स्वदेशी उद्योग संरक्षणका लागि निर्यात प्रभावित पार्ने वस्तुको आयातमा अंकुश लगाउन सक्ने र आन्तरिक बजारलाई प्रोत्साहन गर्न सक्नेछ भन्ने उल्लेख भएबाट पनि नेपालजस्तो अल्पविकसित देशले पुस्तकमा कर लगाउन पाउँछ ।

पुस्तकमा कर लगाउँदा कागजदेखि मसीसम्म सबैमा कर तिर्ने नेपालका मुद्रण उद्योगको संरक्षण हुने, स्वदेशमा मुद्रण उद्योगको विकास, विस्तार र रोजगारी सिर्जनामा टेवा पुग्ने, मुद्रित सामग्रीमा भन्सार महसुल लाग्दा एक खर्ब लगानी भएको ७ हजारवटा छापाखानाले बिना कर पुस्तक भित्र्याउने सँग प्रतिस्पर्धा गरिरहेका स्वदेशी मुद्रण उद्योगलाई प्रतिस्पर्धी बनाउने, पाठ्यपुस्तक छपाइमा आत्मनिर्भर बन्न सक्ने र यो कर ज्ञानमाथि नभई नाफामाथि लगाउन खोजिएको हो भन्ने तर्क पुस्तकमा कर लगाउनुपर्छ भन्नेहरूको छ । मुद्रण व्यवसायीहरू कागजमा एकपटक भन्सार कर र पुस्तक छाप्दा मूल्य अभिवृद्धि कर गरी दोहोरो कर उनीहरूले तिर्नुपर्छ भने तयारी पुस्तक ल्याउने व्यापारीहरू यी दुवै करबाट मुक्त हुने तथा राज्य पनि राजस्व संकलनबाट वञ्चित हुने तर्क राख्छन् । कि त पत्रपत्रिका छपाइमा ल्याउने कागजलाइ कर छुट दिए जसरी हामीलाई पनि कर छुट दिनुपर्‍यो, नत्र पुस्तकमा पनि कर लगाउनुपर्‍यो भन्ने उनीहरूको तर्क छ । यो हेर्दा स्वदेशी मुद्रण उद्योगीहरू भने बजेटमार्फत ल्याइएको करको यो प्रावधानका पक्षमा छन् । मुद्रण सामग्रीको कच्चा वस्तुका रूपमा आयात हुने कागजमा भन्सार लाग्ने तर तयारी मुद्रित पुस्तकमा कर नलाग्ने भएपछि नेपालका पुस्तक प्रकाशकका लागि भारतमा मुद्रण गर्दा सस्तो पर्ने हुँदा भारतमै छाप्न पठाउने चलन रहेको नेपाली मुद्रण व्यवसायीहरू बताउँछन् भने विदेशमा मुद्रण भएका र नेपालबाटै बाहिरी मुलुकमा पुस्तक मुद्रण गराएर ल्याउने विक्रेता भने यो करको विरोधमा छन् ।

यो करको विरोध गर्नेहरूले विद्यालय तथा विश्वविद्यालयका अनिवार्य विषयका कतिपय पाठ्यपुस्तक विदेशी नै रहेको र करका कारण आयात रोकिएमा गलत व्यक्तिले नक्कली पुस्तक तयार गरी लुकिछिपी बिक्री वितरण गर्ने सम्भावना रहेको, करका कारण विदेशी पुस्तक महँगो हुने, संविधानको धारा ३१ को शिक्षामा पहुँचको हक र ५१ (ज)मा उल्लेख भएको सहज, गुणस्तर र पहुँच योग्य नागरिक बनाउने उद्देश्यविपरीत पुस्तकमा कर लगाएर सरकारले पठन संस्कृतिलाई निरुत्साहित गर्न खोजेको, पुस्तकमा कर लगाउनु व्यावहारिक हुन्छ वा हुँदैन भन्ने र कर तिर्न सक्ने क्षमता वा मनोविज्ञानका बारेमा अर्थ मन्त्रालयले विश्लेषण गर्न नसकेको, ज्ञानमा कर लगाएर देश विकास सम्भव नहुने, ज्ञानको दायरा वा प्रवाहलाई सीमित गर्दा आउने दीर्घकालीन प्रतिकूलताको मूल्य पुस्तकबाट प्राप्त हुने सानो राजस्वभन्दा धेरै भारी हुने, नेपालमा विशिष्टीकृत मेडिकल, पारामेडिकल तथा अलाइड हेल्थ साइन्समा ९० प्रतिशतभन्दा माथि र एमबीबीएसलगायत स्वास्थ्यका अन्य स्नातक तहका कोर्सहरूमा करिब ८० प्रतिशत अन्तर्राष्ट्रिय आयातित पुस्तकमा निर्भर रहेको हाम्रो शिक्षामा नकारात्मक असर पर्ने, विकसित तथा अन्य मुलुकमा पुस्तकमा कर लगाउने नियम नभएको तर्क गरिरहेका छन् ।

